# बटेश्वर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बटेश्वर, धनुषा
स्थापना २०७३

**विषय :शिलबन्दी बोलपत्र आव्हानको सूचना !**

प्रथम पटक प्रकाशनमिति : २०७४/१२/०५

यस गाउपालिकाका लागि तपसिल अनुसारका कार्यहरु गर्न नेपाल सरकारबाट सम्बन्धित कार्यको इजाजत प्राप्त मू.अ.करमा दर्ता भएका र ...कर तिरेका दर्ता भएका फर्महरुबाट निम्नलिखित शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

...र्तहरु :-

१) यस गाउँपालिकालाई आवश्यक पर्ने तपसिल बमोजिमका निर्माण कार्य गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको छुट्टाछुट्टै बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ .

२) यो सूचना प्रकाशित भएको मिति देखि ३० औं दिन सम्म बोलपत्र फाराम यस कार्यालयमा सम्वन्धित आपूर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखानम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ. व. २०७३/०७४ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र नियमानुसारको तपसिलमा उल्लेख वोलपत्र दस्तुर(पछि फिर्ता नहुने गरी) निवेदन साथ पेश गरे पछि नियमानुसार छुट्टाछुट्टै बोलपत्र फाराम यस कार्यालयबाट उपलब्ध गराइने छ।

३) खरिद गरिएका बोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३० औं दिनको २.०० बजे भित्र यस कार्यालयमा उपस्थित भई बोलपत्रदर्ता गराउन सकिने छ .

४) बोलपत्र फारम साथ जमानत वापतको रकम यस कार्यालयको नाममा नेपाल राष्ट बैक, जनकपुरमा रहेको धरौटी खाता ग ३..१२२०३०३००७११२...मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको राजस्व शाखामा दाखिला गरेको नगदी रसिद वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा १२० दिन म्याद भएको (बोलपत्र दाखिला अन्तिम मिति देखि) नेपाल सरकारको मान्यता प्राप्त बैंकबाट जारी भएको बिडबण्ड संलग्न गर्नु पर्नेछ। यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ।

..) वोलपत्र फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

..) दर्ता हुन आएका शिलबन्दी बोलपत्र फारामहरु यस कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा ३१ औं दिनको २:०० बजे खोलिने छ । वोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थिति भएमा पनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन।

७) बोलपत्रदाताले आफुले गर्न चाहेको कामको लागि छुट्टाछुट्टै बोलपत्र भएको खाम बाहिर कार्यालयको नाम, बोलपत्र नं., कामको विवरण र बोलपदाताको नाम, ठेगाना स्पष्ट रुपले उल्लेख गर्नु पर्नेछ।

.. रित पुरा नभई, नपुगेको र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

.. वोलपत्रमा प्रत्येक आईटम दररेट मू.अ.कर बाहेकको अंक र अक्षरमा स्पष्ट बुझिने गरी भर्नु पर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षर लेखिएको रकमलाई मान्यता दिइनेछ ।

१०) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

११) बोलपत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ।

१२) अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४(संशोधित सहित) र प्रचलित ऐन कानून अनुसार हुनेछ।

१३) बोलपत्र सम्बन्धी थप जानकारीका लागी यस गाउपालिका कार्यालयमा सम्पर्क गर्न सकिने छ।

१४) प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

तपसिल

| ठेक्का नं. | कामको विवरण | लागत अनुमान रकम (मू.अ.कर र कनटिन्जेनसि बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|
| ०१/२०७४/२०७५ | वड़ा नं. ३ को कार्यालय भवन निर्माण | २१,४६,000।00 | ३,000।00 | सकार अंकको तीन प्रतिशत |
| ०२/२०७४/२०७५ | वडा नं. २ को सीतापुर देखि कात्तिक कुमर भित्र पक्की नाला निर्माण | १७,१६,000।00 | १,000।00 | |
| ०३/२०७४/२०७५ | वडा नं. २ को राजपुर देखि पाटु टोल भित्र पक्की नाला निर्माण | ८,५८,४00।00 | १,000।00 | |

प्रमुख प्रशासकिय अधिकृत

Scanned by CamScanner